बागमती प्रदेश सरकार

# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

हेटौंडा, नेपाल

पत्र सङ्ख्या: २०८०/०८१
च.नं. ३४१

मिति: २०८०।०४।१८

विषय: कर्मचारी विवरण सम्वन्धमा ।

श्री सबै प्रदेश मन्त्रालय/सचिवालय/आयोग/कार्यालय,
श्री सबै जिल्ला समन्वय समिति (१३)
श्री सबै स्थानीय तह (११९)
बागमती प्रदेश ।

उपरोक्त सम्बन्धमा आ.व. २०७९/०८० को सम्पत्ति विवरण समयमा बुझाए/नवुझाएको सम्बन्धी विवरण एकिन गरि राष्ट्रिय सतर्कता केन्द्रमा पठाउनुपर्ने भएको हुँदा राष्ट्रिय किताबखाना (निजामती) मा सम्पत्ति विवरण बुझाउने बाहेक त्यहाँ २०७९ साउन १ गतेदेखि २०८० असार मसान्त सम्म कार्यरत (आ.ब. २०७९/०८० को बिचमा सेवा बाट अलग भएको भए सो समेत) सम्पुर्ण जनप्रतिनिधि, कर्मचारी (स्थायी/अस्थायी/करार/ज्यालादारी), शिक्षक, स्वास्थ्यकर्मी तथा अन्यको विवरण तपसिल बमोजिम अनिवार्य रुपमा उल्लेख गरि सम्पत्ति विवरण बुझाउन ल्याउँदा संगै पठाउनु हुन निर्देशानुसार अनुरोध छ ।

कार्यालयको नाम:

| सि.नं. | नामथर | पद/तह | सेवाको किसिम | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | जनप्रतिनिधि | शिक्षक | स्वास्थ्य संग सम्बन्धित | स्थायी | अस्थायी/करार/ज्यालादारी | अन्य | मोबाईल नं. |
| | | | | | | | | | |
| जम्मा संख्या | | | | | | | | | |

नोटः कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम प्रदेश तथा स्थानीय तहमा समायोजन भएका अन्य सेवाका कर्मचारीहरु, कर्मचारी संकेत नम्बर प्राप्त नगरेका र लोक सेवा आयोगबाट आ.ब. २०७५/०७६ मा भएको विज्ञापन वा सो भन्दा पछि भएको विज्ञापन अनुसार सिफारिस भई स्थानीय तहहरुमा नियुक्ति भएका कर्मचारीहरु (कर्मचारी संकेत नम्बर प्राप्त गरेको भएतापनि) ले नेपाल राजपत्र, खण्ड ६८, असार २०, २०७५ (अतिरिक्ताङ्क ११) भाग ५, नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयको सूचनामा तोके बमोजिम जिल्ला समन्वय समिति, गाउँपालिका, नगरपालिका, प्रदेश सरकारका मन्त्रालयहरुमा पेश भएका अभिलेख तत् तत् निकायले राखि सम्पत्ति विवरण खामहरु ३० दिन भित्र प्रदेश मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा पेश गरि सक्नुपर्नेछ र प्रदेश सरकारले संरक्षण एवम् व्यवस्थापन गर्नुपर्नेछ भन्ने व्यवस्था बमोजिम सम्पत्ति विवरण संकलन र दर्ता गर्ने व्यवस्था गर्नुपर्नेछ । तर निजामती सेवामा कार्यरत रही संघ, प्रदेश र स्थानीय तहमा समायोजन भएका निजामती कर्मचारीहरुले साविक बमोजिम नै राष्ट्रिय किताबखाना (निजामती) मा नै सम्पत्ति विवरण बुझाउनु पर्नेछ भनी राष्ट्रिय किताबखाना (निजामती) बाट मिति २०७८/०३/२२ मा सूचना प्रकाशित भएकोले सोही बमोजिम गर्नुहुन ।

बिनोद पौडेल
अधिकृत आठौं

बोधार्थ:
श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, सूचना तथा सञ्चार समन्वय शाखा-वेभसाईटमा सूचना अपलोड गरिदिनुहुन ।